
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस १४ गते आइतबार ❑ 29 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## पोखरामा शिक्षा, स्वास्थ्य र खेलकुदको केन्द्र बनाउन पहल गर्छु: मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १३ पुस

नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले पोखरामा शिक्षा, स्वास्थ्य र खेलकुदको केन्द्र बनाउन पहल गर्ने बताउनु भएको छ।

रेवान पोखराको आयोजनामा पोखरामा शनिबार देखि सुरु भएको २६ औं संस्करणको पोखरा सडक महोत्सव २०८१ को उद्घाटन गर्दै मन्त्री गुरुङले पर्यटनको राजधानि पोखरामा शिक्षा, स्वास्थ्य र खेलकुदको सम्भावना भएकोले त्यसको केन्द्र बनाउन पहल गर्दै आएको बताउनु भएको हो।

यस अभियानलाई सफल पार्न सबैको साथ र सहयोगको आवश्यक भएको बताउदै यसमा आफु लागि रहेको उहाँले जनाउनु भयो। पोखरालाई पर्यटनको मात्र नभई अब शिक्षा, स्वास्थ्य र खेलकुदको केन्द्र बनाउदै पोखरा र पोखरा आसपास क्षेत्रको समग्र विकास गर्नुपर्ने उहाँले बताउनु भयो । पोखरामा वातावरणको हिसावले पनि यहाँ डाटा सेन्टर बनाउनु उपयुक्त हुने उहाँले बताउनु भयो । पोखरामा डाटा सेन्टर बनाउन उपयुक्त हुने तर्क सहित उहाँले तराई क्षेत्रमा डाटा सेन्टर बनाउदा गर्मी महिनामा एसि जडानको लागि करोडौ रुपैया बिद्युतमा खर्च हुने उहाँले बताउनु भयो । बुटवलमा राजनीतिक पहुचले गर्दा डाटा सेन्टर स्थापना देखि धेरै कुरा गर्ने चर्चा भए पनि आफुले पोखरामा डाटा सेन्टर बनाउन पहल तथा प्रयत्न गर्ने मन्त्री गुरुङले जनाउनु भयो। भूकम्पको दृष्टिले पहाडी भेगमा जोखिम भएको तर्क दिदै तराई क्षेत्रमा डाटा सेन्टर स्थापना गर्न खोज्नु उपयुक्त तर्क नभएको उहाँको भनाई थियो । उहाँले भन्नु भयो" कुनै दिन एउटा मात्र डाटा सेन्टरमा भर पर्दा देशमा ठुलो समस्या आउन सक्छ, विमानस्थलहरु बन्द हुन्छ, कार्यालय बन्द हुन्छ, त्यस कारण त्यसको विकल्पमा दुई वटा डाटा




सेन्टर स्थापना गर्नु पर्छ, त्यसमा हामी लागि रहेका छौं।"

पोखरा र भैरहवा अन्तराष्ट्रिय विमानस्थल संचालनको लागि रोजगारको लागि विदेश जानेहरुको देखि विदेश जानेहरु नेपाली सहित विदेशीहरुको राहदानी यहीबाट वितरण गर्ने कार्यालयहरु स्थापन गर्नु पर्ने मन्त्री गुरुङले जनाउनु भयो। मेडिकल परिक्षण गर्ने देखि अन्य कामहरु पोखरा र भैरहवाबाटै हुनु पर्ने बताउदै मन्त्री गुरुङले श्रम रोजगार तथा समाजिक मन्त्रालयको कार्यालयहरु पोखरामा स्थापना गर्न सुझाव दिनुभयो । नागरिक उड्डयन प्राधिकरणले आफ्नो माताहातमा रहेका कार्यालयहरुलाई कसरी परिचालन गर्ने भन्ने योजना बनाउन उहाँले आग्रह गर्नु भयो। प्राधिकरणले कुन देशबाट कति यात्रु ल्याउने ओसार पोसार गर्ने हो त्यसको बारेमा गृहकार्य गरी समयमै बन्नु पर्ने मन्त्री गुरुङले बताउनु भयो। आफ्नै मौलिकपन भएको धेरै मानिसहरुको भिडभाड हुने सडक महोत्सवको अवसरमा अन्य महोत्सवहरु एकै मितिमा नपार्न उहाँले सुझाव दिनु भयो। कार्यक्रममा गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्यालले उद्योग र पर्यटन व्यावसायको मर्कामा परेकोले उनीहरुको राहातको लागि व्याज दर घटाउन पहल गर्ने बताउनु भयो। प्रदेशको पर्यटन विकासको लागि नयाँ ढंगबाट अघि बढ्ने योजना रहेको उहाँले जनाउनु भयो । गण्डकी प्रदेशका कृषि, भूमि व्यबस्थापन तथा तथा सहकारी मन्त्री पद्मा जिसी श्रेष्ठले ६० प्रतिशत कृषि प्रधान देशमा कृषि पर्यटनबाट देशको आर्थिक विकास र समृद्धि हासिल हुने गरी काम गर्नुपर्ने बताउनु भयो। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले फेवातालमा ढल मिसाउने १९ जना माथि कार्वाही गर्ने चेतावनी दिएका दिनु भयो । फेवाताललाई दुषित जो कोहीलाई महानगरले नछाड्ने उनले बताए। नयाँ परियोजनामा मुद्दा मामिला भएको मेयर आचार्यले गुनासो गर्नुभयो।

पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले पोखराको लाईफ लाईन पोखरा विमानस्थल भएकोले अन्ताष्ट्रिय हवाई उडान नियमित संचालन गर्न माग गर्नु भयो । कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले शान्ति सुरक्षामा ढुक्क भएर महोत्सवमा सहभागी हुन आग्रह गर्नुभयो । नेपाल पर्यटन बोर्डका सदस्य मदन आचार्यले सडक महोत्सव क्यालेन्डर बनायर अन्य संघ संस्थाले आयोजना गर्ने मेला महोत्सव संग नजुधाउन आग्रह गर्नुभयो। रेवानका केन्द्रिय अध्यक्ष सघर्ष विष्टले पोखरा आउने सडकको पहुच सहज बनाउन माग गर्नु भयो।

रेवान पोखराका सल्लाहकार संयोजक गणेशबहादुर भट्टराईले यही सिजनमा अन्य प्रतियोगिता र महोत्सव पार्न नहुने बताउदै पुनः यस्तै गरेमा आगामी बर्षमा सडक महोत्सव स्थगित गर्नुपर्ने अबस्था आउने उल्लेख गर्नु भयो । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले छिमेकी मुलुकबाट भ्रमणमा निसकने केही प्रतिशत मात्र पर्यटक नेपाल आए पनि नेपालको पर्यटनबाटै आर्थिक विकास हुने दाबी गर्नुभयो।

उक्त अवसरमा टेनिस खेलको माध्यमबाट पोखराको खेल पर्यटनमा महत्वपूर्ण योगदान पुर्याएको भन्दै रेवान पोखराले कास्की जिल्ला टेनिस संघका पूर्व अध्यक्ष विनोद कायस्थलाई सम्मान गरिएको थियो। यही पुष १७ गतेसम्म पोखराको लेकसाइडमा संचालन हुने महोत्सव पोखरा लेकसाइडको ४ किलोमिटर क्षेत्रमा विभिन्न प्रकारका खाना, कला संस्कृति झल्कने सांस्कृतिक कार्यक्रम प्रस्तुत हुने भएको महोत्सव संयोजक विकास भट्टराईले बताउनु भयो। महोत्सवको उद्घाटन् हुनु पूर्व अवसरमा पर्यटन सम्बद्ध विभिन्न संघसंस्था सहित क्लव, आमा समुह लगायतको उपस्थितीमा साँस्कृतीक झाँकी सहित र्‍याली प्रर्दशन भएको आयोजक समितिका अध्यक्ष विश्वराज पौडेलले बताउनु भयो।

सडकमा मःम खाने, रस्साकसी, वेटर वेट्रेसहरुको चम्चा दौड, डुङ्गा दौड लगायत कार्यक्रम हुने भएको खेलकुद संयोजक सुमन भट्टराईले जानकारी दिनुभयो । त्यसैगरि अघिल्लो संस्करणमा जस्तै यसपटक पनि पर्यटनका बारेमा जानकारी सहितको सडक सम्वाद कार्यक्रम हुने रेवान पोखराका उपाध्यक्ष बसन्त गौतमले बताउनु भयो । महोत्सवको अवसरमा होटल आवासमा २० प्रतिशत छुट र रेष्टुरेण्टहरुमा केही छुटको व्यबस्था गरिएको स्वास्थ्य समितिका संयोजक भिष्मराज पौडेलले बताउनु भयो। यसपालीको महोत्सवमा ५ लाख भन्दा बढी दर्शक भित्राउने लक्ष्य राखेको महोत्सवका प्रचार प्रसार समिति संयोजक बीरेन्द्र शेरचनले बताउनु भयो।

## सीमित स्रोत र साधनका बाबजुद पनि विकास भइरहेको छ: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ पुस

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारले सीमित स्रोत र साधनका बाबजुद पनि दूरदराजसम्म विकास निर्माणलाई गति दिएको बताउनुभएको छ।

तमानखोला गाउँपालिका-१ बोङ्गादोभानमा मोटरेबल पुल उद्घाटन गर्दै उहाँले प्रदेश सरकारले विकास नभएका ठाउँलाई प्राथमिकतामा राखेर काम गरिरहेकाले दूरदराजमा पनि विकास सम्भव भएको बताउनुभयो । शनिबार उद्घाटन गरिएको उक्त पुल विसं २०७७ मा निर्माण सुरु भइ गत महिना सम्पन्न भएको थियो।

मुख्यमन्त्री पाण्डेले विकासको मुख्य आधार सडक पहुँच रहेकाले विकट क्षेत्रका बस्तीसम्म सडकको पहुँच



पुऱ्याउने काम भइरहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "सबै तिर एकैपटक विकास गर्न सम्भव हुँदैन, क्रमिक रुपमा विकास हुँदै जाने हो, पछिल्लो एक दशकमा धेरै विकास भएको छ, सडकले नागरिकको जनजीवनमा परिवर्तन ल्याएको छ।" बोङ्गादोभानमा पुल बनेपछि साना तथा ठूला सवारीसाधन सञ्चालन गर्न मिल्ने भएको छ। रु दुई करोड ७१ लाख २७ हजार नौ सय ६४ मा लागतमा पुल निर्माण भएपछि पुल तमानखोला गाउँपालिकाको केन्द्र बोङ्गादोभान बजारदेखि नर्जाखानी, तमान, स्याउला, खुङ्खानी, थास्पुरी लगाएका गाउँमा पुग्न सहज भएको छ।

## देवघाटमा अल्पसंख्यक तथा विपन्न समुदायको निःशुल्क स्वास्थ्य बिमा

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ पुस

जिल्लाको देवघाट गाउँपालिकाले बोटे, दलित, चेपाङ, ब्रामु समुदायको निःशुल्क स्वास्थ्य बिमा गर्न सुरु गरेको छ। गाउँपालिकाले अल्पसङ्ख्यक तथा विपन्न समुदायलाई स्वास्थ्यमा पहुँच पुऱ्याउने उद्देश्यले निःशुल्क स्वास्थ्य बिमा गर्न सुरु गरेको हो।

पाँचवटै वडामा बसोबास गर्ने सीमान्तकृत बोटे र चेपाङसहित दलित र ब्रामु समुदायका बासिन्दाको निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले जानकारी दिनुभयो।

गाउँपालिकाले निःशुल्क स्वास्थ्य बिमाका लागि चालु आर्थिक वर्षमा रु ११ लाख बजेट विनियोजन गरेको छ । पहिलो चरणमा केही परिवारको स्वास्थ्य बिमा गरिएपछि अध्यक्ष थापाले सम्बन्धित परिवारलाई स्वास्थ्य बिमा परिचयपत्र हस्तान्तरण गर्नुभएको छ । उहाँले भन्नुभयो, "यो कार्यक्रमबाट करिब तीन सय १५ परिवार लाभान्वित हुनेछन् । स्वास्थ्य बिमाका लागि आवश्यक रकम गाउँपालिकाले तिरिदिनेछ।" अध्यक्ष थापाका अनुसार ती समुदायका नागरिकका साथै आर्थिक अवस्था कमजोर भएका अन्य स्थानीयको पनि निःशुल्क स्वास्थ्य बिमा गर्ने नीति

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मुलुकको समृद्धिका लागि प्राप्त ज्ञान उपयोग गर्न प्रधानमन्त्रीको आग्रह

**रासस**
काठमाडौं, १३ पुस

प्रधानमन्त्री केपी शर्मा ओलीले सबै नेपाली शान्तिपूर्ण, सम्मानित, समृद्ध र सुखी रुपमा बाँच्न पाउने अवस्था सृजनाका लागि प्राप्त ज्ञान प्रयोग गर्न आग्रह गर्नुभएको छ।


त्रिभुवन विश्वविद्यालयको शनिबार यहाँ आयोजित ५० औँ दीक्षान्त समारोहमा विश्वविद्यालयलका कुलपति प्रधानमन्त्री ओलीले समाजलाई लोकतान्त्रिक, सु-संस्कृत र इमानदारपूर्ण बनाउन र विद्यावान् हुँ भन्ने कुनै घमण्ड नगरी विनयशील हुन पनि आग्रह गर्नुभयो।

प्रधानमन्त्री ओलीले उपाधि प्राप्त भएपछि अध्ययन पूरा नहुने तर्क गर्दै प्राप्त ज्ञानलाई व्यावहारिक जीवनमा उतारेर परिस्कृत गर्न आग्रह गर्नुभयो । "आफैँसँग भएको विद्या व्यवहारमा उतार्न सकिएन भने त्यो विद्या काम लाग्दैन । ज्ञानलाई व्यावहारिक रुपमा र समाजको समग्र पक्षको भलाइका लागि प्रयोग गर्नुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीले मुलुकमा विद्यमान २० प्रतिशतको निरपेक्ष गरिबी अन्त्य गर्ने अभिभारा लिनुपर्छ । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाको यात्रालाई हामीले अगाडि बढाउनुपर्छ।"

प्रधानमन्त्री ओलीले हाम्रो मुलुक ज्ञान, ध्यान, योग र संस्कृतिको भूमि भएको उल्लेख गर्दै पुर्खाको ज्ञानप्रति कृतज्ञ भएर उहाँहरुबाट सिक्नुपर्नेमा जोड दिनुभयो । प्रमुख अतिथि अर्थशास्त्री डा रामप्रकाश यादवले विद्यार्थी जीवनको सङ्घर्ष र इमानदारीले लक्ष्यप्राप्तिमा जोकोहीलाई सफलता हासिल हुने बताउनुभयो । सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले अध्ययन-अध्यापनमा प्रविधिको प्रयोग बढाउनुपर्नेमा जोड दिनुभयो । विश्वविद्यालयका उपकुलपति प्रा डा केशरजङ्ग बरालले विश्वविद्यालयमातहतका क्याम्पसहरु गाभ्ने नीति लिइएको जानकारी दिनुभयो।

सो अवसरमा प्रधानमन्त्री ओलीले त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आयोजित ५०औँ दीक्षान्त समारोहमा विद्यावारिधि गर्ने र सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीलाई प्रमाणपत्र प्रदान गर्नुभयो । त्रिभुवन विश्वविद्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीका अनुसार स्नातक तहका नौ हजार ६८, स्नातकोत्तर तहका पाँच हजार ५५, एमफिलका ६३ र विद्यावारिधि (पिएचडी) का एक सय २२ जना विद्यार्थी दीक्षित भएका छन्।

त्रिभुवन विश्वविद्यालयबाट लिइएका विभिन्न तह एवं विषयका परीक्षामा सर्वप्रथम भएका विद्यार्थीलाई विभिन्न पदकबाट पुरस्कृतसमेत गरिएको छ। यस वर्षको त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घ सहिद उपप्राध्यापक हरिराज अधिकारी स्वर्णपदक व्यवस्थापन शङ्कायका हीरा श्रेष्ठलाई र श्री इन्द्रभक्त श्रेष्ठ स्वर्णपदक स्कुल अफ म्यानेजमेन्टका सुधा काफ्लेलाई प्रदान गरिएको छ।



# माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगितामा प्रि.क्वाटरफाइनल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरामा जारी २१ औं माछापुच्छे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगितामा शनिबार विभिन्न उमेर समुह अन्तर्गत प्रि. क्वाटरफाइनलका खेलहरु सम्पन्न भएका छन् ।



शनिबार मेन्स सिंगलतर्फ नेहाल जङ्गबहादुर थापाले ओजेन महर्जनलाई ६-०,६-० ले राजबिर प्रधानले शक्ति शर्मालाई ६-०,६-० ले सक्षम बिक्रम शाहले उगेन शेर्पालाई ६-३, ६-१ ले तथा आयुषमान हजुर घलेले शाश्वत बज्राचार्यलाई ६-१, ६-१ ले पराजित गर्दै क्वाटर फाइनलमा स्थान बनाए ।

उमन्स सिंगलतर्फ स्वस्तिका बिष्टले जेनी खड्कालाई ६-१,६-३ ले, सुनिरा थापाले प्राज्ना मानन्दलाई ६-२ ,६-१ प्रकृती श्रेष्ठले भगवती बिकलाई ६-३, ६-१ ले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेका छन् । सलोनी तामाङ यसअघि नै सेमिफाइनल प्रवेश गरिसकेकी थिइन् । ३५ वर्षमाथिको मेन्स सिङ्गलमा सिमान्त गुरुङले सञ्जय श्रेष्ठलाई ६-२, ६-२ ले सन्तोष खत्रीले विकास गुरुङलाई ६-३, ६-१ ले, गगन महर्जनले प्रकाश गुरुङलाई ६-२, ६-३ ले तथा भिष्मजंग गुरुङले सन्दुक के. लामालाई ६-०,६-० पराजित गर्दै क्वाटरफाइनलमा पुगेका छन् । ४५ वर्षमाथिको सिङ्गलमा छेवाङ लामाले नारायण पहारीलाई, विकास गुरुङले बलराम सापकोटालाई, सुनिल श्रेष्ठले जुजुमान किमलाई तथा सन्दुक के. लामाले भीष्मराज पौडेललाई पराजित गर्दै सेमिफाइनलमा स्थान सुरक्षित पारे । ५५ वर्ष माथिको सिङ्गलमा विदुर बिष्टले पदम गुरुङलाई, रविन्द्रदास श्रेष्ठले, विष्णु गुरुङलाई पराजित गर्दै अन्तिमा चारमा पुग्न सफल भए ।

४५ वर्षमाथिको डबलमा गोपीबहादुर भट्टराई र धर्मबहादुर लामिछानेको जोडीले टी.तुलेश्वर र के.जयन्तको जोडीलाई ६-२, ६-२ ले तथा रोहित सुनुवार र भीष्मराज पौडेलको जोडीले केबी लामा र विष्णु बानियाको जोडीलाई ६-३, ६-० ले पराजित गर्दै सेमिफाइनलमा स्थान सुरक्षित बनाएका छन् ।

# लोककवि अलि मियाँको स्मृतिमा खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

लोक कवि अलि मियाँको स्मृतिमा चौँथो खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता हुने भएको छ । नेपाल मुस्लिम युवा समिति पोखरा-१३ को आयोजनामा माछापोखरी फुटबल मैदानमा माघ १३ देखि प्रतियोगिता हुन लागेको हो ।



समितिका अध्यक्ष अब्बास अलिमियाँले आउदो माघ १३ देखि २० गतेसम्म प्रतियोगिता गर्न लागिएको जानकारी दिए । दुइ वर्षको अन्तरालमा प्रतियोगितामा गर्ने उदेश्य भए पनि विविध कारणले गत वर्ष प्रतियोगिता आयोजना गर्न नसकिएको अलिमियाँले बताए । तेस्रो संस्करणको प्रतियोगिता २०७८ मा सम्पन्न भएको थियो । प्रतियोगितामा ४० भन्दा बढी टिमले सहभागिता जनाउने अपेक्षा गरिएको समितिका सचिव महोमद तारीक अजिजले बताए। तेस्रो संस्करणमा ४३ टिको सहभागिता रहेको थियो, यो वर्ष पनि ४०-५० टिमको सहभागिता हुने अपेक्षा गरेका छौं, अजिजले भने । आयोजकले प्रतियोगिताको पुरस्कार राशी पनि बढाएको छ । प्रतियोगितामा प्रथम हुने टिमले १ लाख ४० हजार र द्धितीय हुने टिमले ८५ हजार पुरस्कार पाउने खेल संयोजक नाजिम अलीले जानकारी दिए । यस पहिलेको तेस्रो संस्करणमा प्रथम पुरस्कार १ लाख २५ हजार र द्धितिय पुरस्कार ७५ हजार विजेता र उपविजेताले पाएकाकोमा यस पटक पुरस्कार राशी बृद्धी गरिएको आयोजकले जनाएको छ । यस्तै विधागत तर्फ ५ विधामा खेलाडीलाई पुरस्ककृत गरिने छ । वेष्ट फरवाड, मिड-फिल्डर, डिफेन्सर, गोलकिपर र हाइस्केररलाई नगद ५/५ हजारले पुरस्कार पाउने छन् । प्रतियोगिताको पहिलो संस्करण २०७२ र दोस्रो संस्करण २० ७४ सालमा भएको थियो । स्थानीय खेलाडीलाई प्रोत्साहन र फुटबलको विकास गर्ने उदेश्यसहित समाजले प्रतियोगिता संचालन गर्दै आएको समितिका उपाध्यक्ष नरकत अलिमियाँले बताए । समितिका सहकोषाध्यक्ष सम्सुल हकले प्रतियोगिता सम्पन्न गर्न १० लाख भन्दा बढी खर्च लाग्ने अनुमान गरिएको बताए । पुरस्कार राशीमा बृद्धि र व्यवस्थापन खर्च समेत बढेकाले प्रतियोगिता खर्च बढ्नसक्ने उनको भनाई छ । स्थानीयवासी, अगुवा समाजसेवी साथै महानगरका वडा कार्यलयहरुको सहयोगमा प्रतियोगिताको आर्थिक स्रोत जु

समितिले प्रतियोगिताका लागि टिम दर्ता खुल्ला गरिसकेको जनाएको छ। ७ हजार तिरेर टिम दर्ता गर्न सकिने समितिले जनाएको छ। युवाहरुलाई सकारात्मक सौँचको विकास गर्न र समाजीक कार्य गर्ने उदेश्यले २० ५२ सालमा संस्था दर्ता गरिएको अध्यक्ष अलिमियाँले जानकारी दिए । समाजले रक्तदान, खुला व्यायमशाला ,दैविक विपद् र आर्थिक समस्यामा परेकालाई सहयोग साथै युवालाई सकारात्मक कार्यमा लाग्न सचेतनामुलक कार्यक्रम गर्दैं आएको छ। समितिको अगुवाइमा २०७९ असारमा मियापाटन क्षेत्रलाई मध्यपान निषेधीत क्षेत्र धोषणा गरिएको छ।

# मुलुक भत्कानबाट बचाउदै ट्याकमा ल्याएका छौं मन्त्री गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले मुलुकलाई भत्कानबाट बचाउदै हाल ट्याकमा ल्याएको बताउनु भएको छ । कास्कीको माछापुच्छ्रे गाउँपालिका-१ टुसेमा हालै निर्माण भएको नाना मोहन ज्येष्ठ नागरिक सेवा केन्द्र भवनको आज (शनिबार) उद्घाटन गर्दै उहाँले मुलुक भत्कान लागेको अबस्थाबाट हाल ट्याकमा ल्याएको बताउनु भएको हो ।



मुलुकमा अझै केही समय सन्तुलन राखेर काम गर्नुपर्ने बताउदै मन्त्री गुरुङले राजश्व केही बृद्धि देखि पुंजिगत खर्च बढ्न थालेको जनाउनु भयो । पुंजिगत खर्च नभई देशमा रोजगार सृजना नहुने उहाँको तर्क थियो ।

सहकारी छानविन समितिले दिएको प्रतिवेदनको आधारमा दोषी ठहरिएका सबैको छानविन गर्ने उहाँले बताउनु भयो ।

प्रमुख राजनीतिक दलहरूको सहमतिमा संविधान संशोधन गरिने मन्त्री गुरुङले जनाउनु भयो । संविधान संशोधनका निम्ति संविधानको समीक्षा गरिने उहाँले जनाउनु भयो । प्रतिनिधिसभा र राष्ट्रिय सभाका समितिमा विचाराधीन विधेयकहरू शीघ्र अनुमोदन गर्ने र रोकिएका विधेयक मापदण्ड तयार गरी यथाशीघ्र टुङ्गो लगाउने सरकारको योजना रहेको मन्त्री गुरुङको भनाई थियो । प्रदेश र स्थानीय तहका लागि आवश्यक कानुन चाँडै निर्माण गर्न प्रक्रियागत काम सरकारले अघि बढाएको उहाँले उल्लेख गर्नु भयो । ज्येष्ठ नागरिकको हकहित र अधिकार संरक्षण गर्न सरकार प्रतिबद्ध रहेको बताउदै मन्त्री गुरुङले उक्त केन्द्रको बाँकी केही भौतिक संरचना निर्माणमा सरकारले सहयोग गर्ने वचन दिनु भयो। त्यस अवसरमा स्वीट्जरल्याण्डका एहमान स्टिफटङको रु पाँच करोड आर्थिक सहयोगमा निर्माण भएको दिवा सेवाकेन्द्र भवन आमा स्मृति प्रतिष्ठानलाई हस्तान्तरण गरिएको थियो। भवन निर्माणका लागि स्थानीय कर्णबहादुर गुरुङले आफ्ना स्वर्गीय आमा नाना र बुबा मोहनको स्मृतिमा चार रोपनी जग्गा प्रदान गर्नु भएको थियो । कोरोनाका कारण उक्त भवन निर्माणमा केही समय ढिला भएको बताइन्छ।

# कविशिरोमणिको १४१ औं जन्मजयन्तीको अवसरमा कविता प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

कविशिरोमणि लेखनाथ पौड्यालको १४१ औं जन्मजयन्तीको अवसरमा आयोजित त्रिदिवसीय कार्यक्रम अन्तर्गत लायन्स क्लब अफ लेखनाथले राखेको कविता प्रतियोगितामा जुनियर सिटीजन्स एकेडेमीकी सापेक्षा सुवेदीले प्रथम स्थान हाँसिल गरिन् ।



प्रतियोगितामा गोगन माविकी सुजाता पौडेलले द्धितीय स्थान हाँसिल गरिन् भने डायमण्ड माविकी योग्यता ढुङ्गानाले तृतीय स्थान हाँसिल गरिन् । यसै गरी त्रिभुवन शान्ति माविकी सुजाता सापकोटाले चौथो स्थान हाँसिल गरेका संयोजक सुन्दर ढकालले वताएका छन् ।

विजेताहरुलाई कविशिरोमणि लेखनाथ पौड्यालको जन्मस्थल पोखरा-२७ अर्चलेमा १५ गते हुने मूल समारोहमा पुरस्कारद्वारा सम्मान गरिने लायन्स क्लब अफ लेखनाथका अध्यक्ष कृष्णप्रसाद तिमिल्सेनाले वताए । उक्त अवसरमा कार्यक्रममा पोखरा प्रज्ञा प्रतिष्ठानका निवर्तमान कुलपति एवम् लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकाल,निर्णायक ऋषिकेश बराल, लेखनाथ जन्मस्थल विकास समितिका कार्यबाहक अध्यक्ष गोपीराज पौडेल, लेखनाथ उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझा लगायतले शुभकामना मन्तव्य राखेका थिए। प्रतियोगितामा निर्णायकहरु ऋषिकेश बराल,लोकचन्द्र खनाल र सुरेश मानन्धर रहेका थिए । लायन्स क्लब अफ लेखनाथका सचिव तुलसी सापकोटाले कार्यक्रम सञ्चालन गरेका थिए । १५ गते हुने मूल समारोहमा लेखनाथ पत्रकार मञ्चद्वारा स्थापित लेखनाथ पत्रकारिता पुरस्कार लगायत विभिन्न पुरस्कारहरु वितरण गरिने भएको छ।

# युनिकन अन्तर विद्यालय फुटबल प्रतियोगितामा छात्रा तर्फ अमरसिंह मावि र छात्र तर्फ बाराही मावि प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

युनाईटेड कम्युनिटी नेपाल (युनिकन)ले शनिबार पोखरा रंगशालामा आयोजना गरेको “युनिकन अन्तर विद्यालय फुटबल प्रतियोगिता २०२४” मा छात्रा तर्फ अमरसिंह मावि प्रथम भएको छ भने छात्र तर्फ बाराही मावि प्रथम भएको छ ।




पाँच विद्यालयबीच भएको उक्त प्रतिस्पर्धामा छात्रा तर्फ अमरसिंह माविले कन्या माविलाई १-० ले हराउँदै विजेता बनेको हो । छात्र तर्फ भने बाराही माविले शितला माविलाई ट्राई ब्रेकरमा ३-२ ले हराउँदै विजेता बनेको हो ।

छात्रा तर्फ अमरसिंह मावि बाराही माविलाई हराउँदै फाइनलमा पुगेको थियो भने कन्या माविले शिवशक्ति माविलाई हराउँदै फाइनमा पुगेको थियो । छात्र तर्फ भने शितला माविले अमरसिंह माविलाई हराउँदै फाइनल पुगेको थियो भने बाराही माविले शिवशक्ति माविलाई हराउँदै फाइनल पुगेको थियो । युनिकनले विगत ६ महिनादेखि पाँच विद्यालयलाई निःशुल्क रुपमा फुटबल प्रशिक्षण गराउँदै आइरहेको छ । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई फुटबल खेलमा अघि बढाउनको लागि फुटबल फोर फ्युचर कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

विशेषगरी छात्राहरुलाई प्राथमिकता दिइएको उक्त कार्यक्रममा एक सय ४४ छात्राछात्रको सहभागिता रहेको छ भने ८५ जना छात्राहरुको सहभागिता रहेको छ । उक्त प्रशिक्षण कार्यक्रममा एन्फाबाट “सि” लाइसेन्स प्राप्त प्रशिक्षकहरुले प्रशिक्षण गराउँदै आएका छन् । यस प्रतियोगितामा छात्रा तर्फ कन्या माविको केशु घर्तिमगर उत्कृष्ट खेलाडी घोषित भएका थिए । त्यस्तै, उत्कृष्ट गोलकिपरको उपाधि अमरसिंह माविका छात्रा अनुजा तामाङ र धेरै गोलकर्ताको रुपमा सिम्रिका बस्ताकोटी घोषित भएका छन् । त्यस्तै छात्र तर्फ बाराही माविका समिर क्षेत्री उत्कृष्ट खेलाडी र शिव राउत उत्कृष्ट गोलकिपर घोषित भएभने उच्च गोलकर्ताको रुपमा शितला माविका सविन गुरुङले उपाधि जितेका थिए ।

सामुदायिक विद्यालयका छात्राछात्रहरुलाई अन्तर्राष्ट्रिय स्तरको फुटबल ग्राउण्डमा खेलको अनुभव प्रदान गराउने र फुटबल खेलप्रति थप हौसला बढाउने उद्देश्यले आयोजना गरिएको उक्त प्रतियोगितामा प्रथम र द्वितीय स्थान हासिल गर्ने छात्राछात्रहरुले मेडल र ट्रफि प्राप्त गरेका थिए ।

# देवघाट ...

पालिकाले लिएको छ । आर्थिक अभावमा पछाडि पारिएका समुदाय न्यूनतम स्वास्थ्य सेवाबाट वञ्चित हुन नपरोस् भनेर चालु आवदेखि स्वास्थ्य सेवाको अधिकारलाई सुनिश्चित गरिएका उहाँले बताउनुभयो ।

अध्यक्ष थापाले सीमान्तकृत र लोपोन्मुख समुदायका नागरिकलाई स्वास्थ्य, शिक्षा, रोजगारीलगायत अन्य विभिन्न क्षेत्रमा पनि सहयोग गर्ने पालिकाको नीति रहेको उल्लेख गर्नुभयो ।

# बन्दिपुर मिलन समाज पोखराको अध्यक्षमा मञ्जु

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

बन्दिपुर मिलन समाज पोखराको अध्यक्षमा मञ्जु मकाजु श्रेष्ठ सर्वसम्मत चयन भएकी छिन ।

शनिबार सम्पन्न तेस्रो साधारण सभा तथा दोस्रो अधिवेशनले मञ्जुलाई सर्वसम्मत अध्यक्षमा चयन गरेको हो । उपाध्यक्षमा उमेश प्रधान,सचिव याम बहादुर गुरुड,कोषाध्यक्ष अर्जना प्रधान,सहसचिव कुन्ती देवी परियार चयन भएकी छिन । सदस्यहरुमा मंगला सुनार,धनजीत गुरुड,रामकृष्ण धण्डारी र सुरज श्रेष्ठ चयन भएका छन । कार्यक्रममा समाजका संरक्षक योगेन्द्र प्रधानले पोखरामा नै बन्दिपुरे दाजुभाई दिदिबहिनीहरु भेटघाट गर्न पाउँदा मनमा शान्तिको अनुभुति हुने बताए । 'राष्ट्रिय अन्तराष्ट्रिय धेरै संघ संस्थाको नेतृत्व गरेर नाम दाम कमाए पनि यो समाजको कार्यक्रममा आउँदा मनमा शान्ति मिल्ने र घरपरिवार संग जोडिएको जस्तो लाग्छ ।' प्रधानले भने । उनले संस्थामा आवश्यकता अनुसारको सहयोग दिल खोलेर गर्ने प्रतिवद्धता समेत व्यक्त गरे। बन्दीपुरेबीच एकापसमा सहयोग प्रेम सद्भाव अभिवृद्धि गर्न समाजको भूमिका रहने बताउदै पोखराको बसाई ४ दशक भन्दा बढि भए पनि आफुलाई बन्दिपुरे भन्दा मन प्रफुल्ति हुने बताए । बन्दीपुर मिलन समाज पोखराका नवनिर्वाचित अध्यक्ष मञ्जु मकाजु श्रेष्ठले समाजका सदस्यको हक हितको अलवा सामाजिक काम गर्दे अघि बढ्ने प्रतिवद्धता व्यक्त गरिन । समाजका अध्यक्ष शंकर श्रेष्ठको अध्यक्षयतामा सम्पन्न भएको उक्त कार्यक्रममा कोषाध्यक्ष अर्चना प्रधानले समाजमा १२ लाख अक्षयकोष भएको जनाउदै अक्षयकोष स्थापना गर्न मनखोलेर सहयोग गर्ने समाजका सबैलाई धन्यवाद व्यक्त गरिन । समाजका सचिव प्रकाश भण्डारीले संचालन गरेको उक्त कार्यक्रममा समाजका सल्लाहकारद्धय डा.सुमनलाल श्रेष्ठ र डा.भोला श्रेष्ठलाई सम्मान गरेको थियो ।



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सिचुवानको जहाज र उराठिलो माछापुच्छ्रे

**राम थापा**
गण्डकी, १३ पुस/रासस



माछापुछ्रे हिमालको पृष्ठभूमिमा उडिरहेको सिचुवान एयरलाइन्सको जहाजको तस्बिर कैद गर्ने पोखराकी फोटो पत्रकार राधिका कँडेलले उक्त तस्बिरलाई लिएर धेरैको प्रशंसा बटुल्नुभयो। राष्ट्रिय समाचार समिति (रासस) का लागि उहाँले खिचेको उक्त तस्बिरलाई बिबिसीदेखि विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले प्रयोग गरेका छन्। कैयन सामाजिक सञ्जाल प्रयोगकर्ताले जहाजको तस्बिर साझा गरेका छन्।

प्रवर्द्धनात्मक उडानका क्रममा पोखराका पत्रकार र व्यवसायीलाई लिएर बिहीबार दिउँसो काठमाडौँतर्फ गइरहेका बेला फोटो पत्रकार कँडेलले उक्त जहाजको तस्बिर खिच्नुभएको थियो। त्यसअघि चार्टर उडानमार्फत पोखरामा आयोजित दोस्रो अन्तर्राष्ट्रिय ‘ड्रागन बोट रेस’ मा सहभागी हुने चिनियाँ खेलाडीलाई लिएर उक्त जहाज पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेको उक्त जहाज माछापुछ्रे हिमालको नजिकबाट उडिरहेको दृश्य जति मनमोहक छ, त्योभन्दा कम छैन उक्त तस्बिरमा छचल्किएको हिमालको पीडा ! ‘कुमारी हिमाल’को पगरी पाएको माछापुछ्रे मध्य जाडोमा पनि फुस्रो र निर्जन छ। हिउँबिनाको चुचुरो फुङ्ग उडेको उराठिलो छ। त्रिभुजाकारको कालापत्थर छेउबाट जहाज उडेझैँ देखिन्छ। हिमालमा सेताम्मे हिउँ हुँदो त अझ कति खुल्दो उक्त तस्बिरको सौन्दर्य ?

प्रकृति र वातावरणप्रेमी जो कोहीको मनमा उब्जने प्रश्न हो यो। यो माछापुछ्रे मात्र नभएर हिउँविहीन बन्दै गएका हाम्रा हिमालहरूको साझा र दुःखदायी कथा हो। हिमालय क्षेत्रले झेलिरहेको वातावरणीय सङ्कटको ज्वलन्त प्रमाण हो। वर्षायाममा नाङ्गा र काला देखिने हिमाल अहिले हिउँदमा पनि उस्तै देखिन थालेका छन्। पुस महिना आधाउधी बितिसक्दा पनि हिउँ पर्ने कुनै छेकछन्द छैन।

जाडोको खासै महसुस गर्न नपाइ हिउँद बिताउनुपरेको अनुभव नौलो हुन छाडेका छन्। हामीले हेर्दाहेर्दै हिमालबाट हिउँ घटिरहेको छ, यसरी हिउँ निथ्रिँदै गए हिमाल कसरी जोगिएलान् ? हिउँबिनाको हिमाल के हिमाल ! हिउँ भए र पो हिमालहरू छन्। हिउँबिना त ति केबल नाङ्गा र उजाड कालापत्थर न हुन्। हिमालबाट यसरी नै हिउँ रित्तिँदै गए हिमाल नियाल्न आउने पर्यटक पनि एकदिन निरास हुनेछन्। हिमालको सौन्दर्य र शोभा हराउँदै गए त्यसको प्रत्यक्ष असर नेपालको पर्यटन क्षेत्रले पनि अवश्य भोग्नेछ। विश्वव्यापी रूपमा गहिरिँदो जलवायु सङ्कटको सबैभन्दा ठूलो मार नेपालका हिमालमा परेको सो क्षेत्रका विज्ञ र अध्येताहरू बताउँछन्। पर्यावरणीय अध्येता कुलचन्द्र अर्यालका अनुसार जलवायु सङ्कटको नकारात्मक असर पर्ने विश्वकै सबैभन्दा बढी संवेदनशील क्षेत्रमा नेपालको हिमालय क्षेत्र पर्छ। “विश्वको औषत तामपान वृद्धिको दरभन्दा हिमालय क्षेत्रको तापमान वृद्धि बढी उच्च रहेको छ”, उहाँ भन्नुहुन्छ, “विश्वको औषत तापमान एक दशमलव पाँच प्रतिशतले बढ्दा हिमालय क्षेत्रमा एक दशमलव आठदेखि दुई डिग्री सेल्सियससम्म बढ्ने गरेको अध्ययनले देखाएको छ।” जलवायु परिर्वतन र उष्णीकरणले नेपालको हिमालय क्षेत्रमा नकारात्मक असर पुऱ्याइरहेको पर्यावरणीय अध्यता अर्यालको भनाइ छ। विश्वव्यापी तापमान वृद्धिका कारण हिमालय क्षेत्रमा हिमगलन बढ्नुका साथै नयाँ हिमताल थपिने, विस्तार हुने र विष्फोटन हुने दर बढीरहेको उहाँ बताउनुहुन्छ। कम वर्षा र हिमपात उच्च हुने हिमाली क्षेत्रमा पछिल्लो समय अनपेक्षित रूपमा उच्च वर्षा हुँदा बाढीपहिरोका घटना बढीरहेको वातावरणीय अध्येता अर्यालको भनाइ छ। कमजोर भू-बनोट, वनस्पतिविहीन नाँगो र भिरालो जमिन भएका कारणले हिमाली क्षेत्रले वर्षा थेग्न नसक्ने र त्यसले बाढीपहिरो तथा लेदो बग्ने समस्या निम्ताउने गरेको छ। सोही कारण हिमालय क्षेत्रमा अप्रत्यासति प्राकृतिक विपद्का घटना निम्तिने गरेका छन्। जलवायु विज्ञ डा विमल रेग्मीले अहिलेकै गतिमा हिउँ पग्लिँदै गएमा आउँदा केही दशकमा नेपालका हिमालहरू कालापत्थरमा परिणत हुने बताउनुहुन्छ। विश्वव्यापी तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित पार्दा पनि यही शताब्दीको अन्त्यसम्ममा हिन्दूकुश-हिमालय क्षेत्रको ३६ प्रतिशत हिउँ भण्डार रित्तिने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द (इसिमोड)को अध्ययनले देखाएको डा रेग्मीको भनाइ छ। “अहिले नै विश्वव्यापी तापक्रम एक दशमलव एक डिग्री सेल्सियसले वृद्धि भएकामा पृथ्वीको तापमान दुई डिग्रीले बढ्ने हो भने हिमालय क्षेत्रको आधा हिउँ सकिने उक्त अध्ययनको निचोड छ”, डा रेग्मी भन्नुहुन्छ, “हरित ग्यास उत्सर्जनलाई नियन्त्रण गर्न विश्वले उपयुक्त कदम नचाल्ने हो भने हिमालय क्षेत्रमा गम्भीर सङ्कट निम्तने खतरा छ, कुनै दिन हिमालको अस्तित्व नै नासिन सक्छ।” उहाँका अनुसार सन् २०१५ मा भएको ‘पेरिस सम्झौता’मा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धीका पक्ष राष्ट्रहरूले विश्वव्यापी तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित पार्ने र दुई डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेका थिए।

पृथ्वीको तापमान बढ्नुको मुख्य कारण हरित ग्याँसको उत्सर्जन रहेको डा रेग्मीको भनाइ छ। “कार्बनडाइअक्साइड, मिथेन जस्ता मानव उत्सर्जित हरितगृह ग्यासले सूर्यको तापक्रम सोसेर राख्ने हुँदा पृथ्वीको तापक्रम बढ्छ”, उहाँ भन्नुहुन्छ, “विश्वव्यापी तापमान वृद्धिका कारण निम्तिएको जलवायु सङ्कटको ठूलो मार हाम्रा हिमालहरूमा परिरहेको छ।”

हिमालय क्षेत्रको तापक्रम अन्य क्षेत्रको भन्दा पाँच गुणा बढी अर्थात् बर्सेनि शून्य दशमलव ००६ प्रतिशतले बढिरहेको विभिन्न अध्ययनले देखाएको छ। जलवायुजन्य प्रकोपका घटना हिमालय क्षेत्रमा बढी भइरहेका छन्। हिउँ पुग्लेर हिमताल बन्ने क्रम बढ्दो छ। हिमनदी सुक्दै गएका छन्। हिमालको पारिस्थितिकीय प्रणालीमा उथलपुथल भइरहेको छ। जलवायु परिवर्तनका कारण पानीको चक्र फेरिएको छ। मनसुन ढिलो हुने, हिउँ नपर्ने, कुनैबेला हाँडीघोप्टे वर्षा हुने जस्ता समस्याहरू देखिन थालेका छन्।

जलवायु विज्ञ डा रेग्मीले हिमालबाट हिउँ हराउँदै गएमा पानीमा आधारित कृषि र जनजीवनमा ठूलो असर पर्ने बताउनुहुन्छ। हिमालय क्षेत्र दक्षिण एसियाका झण्डै दुई अर्ब मानिसको पानीको स्रोत रहेको उहाँको भनाइ छ। “हिमालमा हिउँ नरहे, नदीका स्रोत सुक्छन्, त्यसले तल्लो तटीय क्षेत्रका बासिन्दाको जीविकोपार्जनदेखि खानेपानी, सिँचाइ, कृषि आदिमा भयानक सङ्कट निम्तिन सक्छ”, उहाँ भन्नुहुन्छ।

जलवायुजन्य घटना र हानिनोक्सानीका कारण नेपालको कुल गार्हस्थ्य उत्पादनमा वार्षिक दुई दशमलव पाँच प्रतिशतले ह्रास आइरहेको बताइन्छ। यो शताब्दीको अन्त्यसम्ममा १० देखि १२ प्रतिशतसम्म ह्रास हुने वन तथा वातावरण मन्त्रालयको अध्ययनले देखाएको छ। जलवायु न्यायको विषय रहेको भन्दै पर्यावरण संरक्षणमा अन्तर्राष्ट्रिय स्रोत जुटाउन सरकारले पहल लिनुपर्ने विज्ञहरूले बताउँदै आएका छन्।

अन्तर्राष्ट्रियस्तरका जलवायु तथा वातावरण कोषमा नेपालले पहुँच पुऱ्याउनु आवश्यक रहेको र जलवायुको विषयलाई सरकारले आफ्नो नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्नुपर्ने उनीहरूको सुझाव छ। जलवायु परिर्वतको कारकको रूपमा रहेको हरितगृह ग्यास उत्सर्जनमा नगन्य भूमिका हुँदाहुँदै पनि त्यसको असर खेप्नु परिरहेकाले नेपालले जलवायुजन्य हानिनोक्सानीको पुर्नभरणअर्थात् क्षतिपूर्ति प्राप्तिका लागि विश्वमञ्चमा आफ्नो आवाज सशक्त बनाउनुपर्ने जरूरी देखिन्छ।

# प्रवासी नेपालीद्वारा म्याग्दीको दुई विद्यालयलाई कम्प्युटर सहयोग

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ पुस




प्रवासी नेपालीले म्याग्दीको दुई विद्यालयलाई रु छ लाख पचास हजार मूल्य बराबरको सूचना प्रविधिका सामग्री उपलब्ध गराएका छन्।

अमेरिकास्थित वाल्टिमोरमा बसोबास गर्ने नेपाली आवद्ध लायन्स क्लव अफ वाल्टिमोर नेप्लिजले बेनी नगरपालिका-८ कालिपुलको बालमन्दिर माध्यमिक र वडा नं. २ बगरफाँटको सरस्वती आधारभूत विद्यालयलाई कम्प्युटर उपलब्ध गराएका हुन्। सरस्वती आधारभूत र बालमन्दिर माविको अवस्थाका विषयमा अमेरिकामा क्लवले आयोजना गरेको वृत्तचित्रको विशेष प्रर्दशनी ‘च्यारिटी सो’ मार्फत सहयोग जुटाएर सहयोग गरिएको लायन्स क्लव अफ बाल्टिमोरका अध्यक्ष बैकुण्ठमान श्रेष्ठले बताउनुभयो।

क्लवले नौ थान कम्प्युटर उपलब्ध गराएको बालमन्दिर माविमा इन्टरनेट जडान, पुराना कम्प्युटर र विद्युत मर्मत, रंगरोगन र सन्देशमुलक चित्र सहित रु. पाँच लाख ५० हजार मूल्य बराबरको सामग्री उपलब्ध गराएको छ। सरस्वती आधारभूतलाई रु. एक लाख मूल्य बराबरको दुई थान कम्प्युटर र एक थान रङ्गिन प्रिन्टर सहयोग गरेको छ। क्लवका अध्यक्ष श्रेष्ठले आज बेनी नगरपालिकाका प्रमुख सुरत केसी, बेनपा-८ का अध्यक्ष उत्तम कर्माचार्यमार्फत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रअलाई सामग्री हस्तान्तरण गर्नुभएको थियो।

यसैगरी सरस्वती आधारभूतको कक्षा ६ की छात्रा सृष्टि विकलाई रु. ३० हजार र बालमन्दिर आधारभूतको कक्षा ८ का रिजन बिक र कक्षा ५ की सोनिया क्षेत्रीको पठनपाठनका लागि रु १५/१५ हजार सहयोग गरेको छ। अमेरिकामा रहेका बालमन्दिर माविका पुर्व विद्यार्थी प्रेम चर्माकार र लायन्स क्लव अफ बेनी लभ्लिहिलको समन्वयमा विद्यालयलाई प्रविधीका सामग्री सहयोग गरिएको हो। कम्प्युटर र शैक्षिक सामग्रीले विद्यालयको पठनपाठन तथा प्रशासनिक काममा प्रविधिको प्रयोग गर्न सहयोग पुगेको बालमन्दिर माविका प्रअ सुरेन्द्र केसीले बताउनुभयो।

# सिँचाइको लागि खनिएको डिप बोरिङ अलपत्र

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ पुस

तनहुँको घिरिङ गाउँपालिकामा सिँचाइ सुविधाका लागि खनिएका डिप चारवटा बोरिङ अलपत्र परको छ। घिरिङ गाउँपालिका-४ को करूवाटारलगायतका कृषियोग्य भूमि सिँचाइका लागि खनिएको डिप बोरिङ अलपत्र अवस्थामा पुगेको हो। कृषि क्षेत्रमा गरेको सरकारी लगानी खेर जाने अवस्थामा पुगेको वडा नम्बर ४ का वडासदस्य मनबहादुर रानाभाटले बताउनुभयो।

सरकारका विभिन्न निकायको सहयोगमा करूवाटारको खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन डिप बोरिङ खनिए पनि बोरिङ सञ्चालनको लागि विद्युत् सेवा पुऱ्याउन नसक्दा डिप बोरिङ अलपत्र बनेको छ। घिरिङको करूवाटारका खेतीयोग्य जमिनमा सिँचाइ गर्न चार वर्षअघि सङ्घ, प्रदेश र स्थानीय तहको आर्थिक सहयोगमा चार वटा डिप बोरिङ खनिएको थियो तर बोरिङबाट पानी तान्न मोटर सञ्चालनका लागि विद्युत् नहुँदा किसानले सिँचाइ गर्नबाट वञ्चित हुनुपरेको वडासदस्य रानाभाटले जानकारी दिनुभयो। विद्युत् सेवा नहुँदा बोरिङ प्रयोगमा आउन सकेको छैन”, उहाँले भन्नुभयो, “लामो समयदेखि बोरिङ सञ्चालन नहुँदा बोरिङमा प्रयोग गरिएको फलाम खिया लागेर नष्ट हुने अवस्थामा पुगेको छ।” गाउँपालिकाले खनेको एउटा बोरिङमा सोलार प्लान्ट जडान गरेर केही समय पानी निकालिए पनि अहिले सोलार पनि चल्न छाडेको छ। बोरिङ खनिएको स्थानसम्म विद्युत् सेवा पुऱ्याउन ८५ वटा पोल गाडेर ११ हजार भोल्टेजको लाइनको तारसमेत टाँगिसकिएको छ। विद्युत्को लाइन जडानका लागि कतैबाट पनि पहल नहुँदा किसान सिँचाइबाट वञ्चित भएका छन्।

उक्त क्षेत्रमा विद्युत् सेवा विस्तारका लागि सङ्घ सरकारसँग पहलकदमी भइरहेको घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले बताउनुभयो। केही अघि काठमाडौँ जाँदा ऊर्जामन्त्रीसमक्ष यस विषयमा कुरा राख्दा सकारात्मक आश्वासन पाएको उहाँले बताउनुभयो।

# राहुघाटको ७२ प्रतिशत भौतिक प्रगति

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ पुस

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरद्वारा म्याग्दीमा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको ७२ प्रतिशत भौतिक प्रगति भएको छ।

भारतीय आयात-निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भइरहेको आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्सले बाँध, सुरूङ र विद्युत्गृह निर्माणको कामलाई तीव्रता दिएको छ।

आयोजनाका सिभिल महाशाखा प्रमुख रविन कट्टेलले आगामी २०८२ को असार १५ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित भौतिक संरचना निर्माण र उपकरण जडानको कामलाई तीव्रता दिइएको जानकारी दिनुभयो। “बाँधमा ब्यारेज, छ हजार दुई सय ७० मिटर लामो मुख्य सुरूङ, सर्जसाफ्ट, ठाडो र तेस्रो प्रेसर साफ्ट र टेलरेस डग निर्माण सकिएको छ”, उहाँले भन्नुभयो “स्विचार्ड निर्माण र विद्युत्गृहका उपकरण जडान गर्न थालिएको छ। डिसेन्डर (पानी थिग्राउने पोखरी), पावर इन्टेक, मुख्य सुरूङलाई फिनिसिङ गर्ने र पेनस्टक पाइपलाइन जडानको काम धमाधम भइरहेको छ।”

मुख्य सुरूङको चार वटा अडिटबाट शुक्रबारसम्म दुई हजार दुई सय ४३ दशमलव आठ मिटर लाइनिङ (ढलान र प्लास्टर) सकिएको सिभिल महाशाखा प्रमुख कट्टेलले बताउनुभयो। रघुगङ्गा गाउँपालिका-४ दग्नाम र ५ नम्बर वडा झिँको सिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध र तिल्केनीचौरमा विद्युत्गृह निर्माणाधीन छ। सिभिलतर्फ ७२ र इलेक्ट्रोमेकानिकलतर्फ ३० प्रतिशत प्रगति भएको आयोजनाको सिभिल ठेकेदारसँग विसं २०७४ मङ्सिर महिनामा ठेक्का सम्झौता भएको थियो। ठेक्काको ४५ महिनाको अवधिमा कोरोना महामारी, बाढी र पहिरोका कारण काम सम्पन्न हुन नसकेपछि ३० महिना म्याद थपिएको छ। कमजोर आर्थिक अवस्थाका कारण विसं २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्र्याक्ट (इपिसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना निर्माण अघि बढाइएको थियो। पहिलो कार्यतालिका र सम्झौताअनुसार आयोजना विसं २०७० मा सकिनुपर्ने थियो।

पहिले ३२ मेगावाटमा डिजाइन गरिएकोमा पछि आठ मेगावाट बढाएर ४० मेगावाट पुऱ्याइएको हो। बेनी-जोमसोम-कोरला सडकको घुमाउनेतालदेखि ११ किलोमिटर पहुँचमार्ग र एक वटा ट्रस प्रविधिको मोटर चल्ने पुल निर्माण गरी विद्युत्गृह र बाँधलाई सीधा सडकले जोडिएको छ। राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न कालीगण्डकी कोरिडोरअन्तर्गत दुई सय २० केभी (डबल सर्किट) क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा लिलो (लुप इन, लुप आउट) माध्यमबाट जोडिने छ। चार वटा टावर र प्रसारण लाइन पनि बनिसकेको छ।

# संचार व्यवसायी समिति पोखराको वार्षिक साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १३ पुस



संचार व्यवसायी समितिले आफ्नो २८औँ वार्षिक साधारण सभा सम्पन्न गरेको छ।

२०५३ सालमा व्यवसायिक हितका स्थापना गरिएको संस्थाले २८ वर्षको लामो यात्रा पार गर्दै २८ औ साधारण सभा सम्पन्न गरेको हो।

सभामा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका नवनिर्वाचित महासचिव जमुना वर्षा शर्माले व्यवसायिक एकताले संस्था बलियो हुने जनाउँदै संचारले आफ्नो आफ्नो व्यवसायिक धर्मसंगै सामाजिक उत्तरदायित्वमा पनि महत्वपूण भूमिका खेल्दै गएको बताइन्। संस्था स्थापना गर्नु भन्दा ठूलो चुनौती संस्थालाई निरन्तरता दिनु रहेको धारणा राख्दै कुशल नेतृत्व संस्थाको गरिमालाई उचो बनाउन सफल भएको बताइन्।

कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष युवराज खनालले २८ वर्षको यात्रामा व्यवसायिक उतार चढाव धेरै भए पनि सञ्चार व्यवसायी समितिको मातहतमा सञ्चार वचत तथा ऋण सहकारी स्थापना गरेर सफलता हासिल गरेको बताए। संस्थाको यो सफलतका लागि संस्थाका परिकल्पनाकार, पूर्व अध्यक्ष र सल्लाहकारहरुलाई योगदान सधै स्मरण गर्नुपर्ने उनको भनाइ थियो।

कार्यक्रममा उपाध्यक्ष रेशम खड्काले संस्थाको विगत देखि वर्तमानको अवस्था र आगामी योजनाको बारेमा धारणा राखेका थिए भने, कोषाध्यक्ष किरण ढकाल आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। सचिव गणेश पराजुलीले प्रगती प्रतिवेदन प्रस्तुत गरेका थिए। सो अवसरमा नेपाल पत्रकार महासंघमा गण्डकी प्रदेशमा निर्वाचित जमुना वर्षा शर्मा र धादिङ पोखरा सम्पर्क समाजका निर्वाचित सचिव युवराज खनाललाई संस्थाले सम्मान गरेको थियो। संस्थाका अध्यक्ष दिपेन्द्र आलेले संस्थामा जोडिएका साथिहरुले विभिन्न क्षेत्रबाट सामाजिक प्रतिष्ठा हासिल गर्नु सस्थाको लागि खुशीको कुरा रहेको जनाउँदै ति व्यत्तित्वहरुलाई सम्मान गर्न पाँउदा खुशी लागेको बताए। उनले सबैको साथ सहयोगको खाँचो औल्याउँदै प्राप्त सुझावलाई आत्मसात् गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा नयाँ सदस्य रोशन श्रेष्ठ र शालिकराम तिमिल्सिनालाई स्वागत गरिएको थियो।